# नेपाल मानव अधिकार संगठन
# Human Rights Organisation of Nepal

Regd. No. 149/053/054
Estd: 1988 A.D. (2045 B.S.)

केन्द्रीय कार्यालय- अनामनगर, काठमाडौं
Central Office- Anamnagar, Kathmandu

Anamnagar-29
G.P.O. Box: 5424
Kathmandu, Nepal
+977-1-5706949/5705948
huron.nepal@gmail.com
www.huronnepal.org


च.नं. ११२/०८२

## भ्रष्टाचारीलाई कारबाही र सम्भावित खतरा रोक्न आवहान

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना पश्चात् बनेका सरकारहरूले पनि जन-अपेक्षा अनुरूपको शासन सञ्चालन नगरेको भ्रष्टाचारलाई राज्यका सम्पूर्ण अङ्गहरूले संस्थागत गरेको, सत्ता संघर्ष र सत्ता समीकरणको कुशासन चलाउँदै देशलाई कुर्सी र पैसाको खेलमा परिणत गरेको कारण आम नागरिकमा व्यापक असन्तुष्टी, निराशा र वितृष्णा सृजना हुन गएको तथा विचार र अभिव्यक्ति स्वतन्त्रतालाई बन्देज लगाउने समेतका गैर लोकतान्त्रिक र जनविरोधी कार्यहरू समेतको विरुद्धमा २०८२ भाद्र २३ र २४ गते Gen-Z युवाहरूको आह्वानमा भएको आन्दोलनको कारण तत्कालीन सरकारको नेतृत्व तथा अन्य प्रतिनिधिहरू पदीय जिम्मेवारी छोडेर ज्यान जोगाउनको लागि भागेको कारण देश नेतृत्वविहीन भएको बाध्यात्मक परिस्थितिमा वर्तमान सरकार अभिभावकत्व ग्रहण गर्न आएको वास्तविकतालाई स्मरण गराउँदै।

सरकारले वर्तमान संक्रमणकालीन अवस्थाको सहजीकरणको लागि निर्वाचन मार्फत बन्ने नयाँ सरकारलाई सत्ता हस्तान्तरण गर्नुपर्ने दायित्वका साथै जनअपेक्षा बमोजिम सत्ताका आडमा विगत लामो समयदेखि राज्यश्रोत दोहन गर्दै आएका भ्रष्ट प्रशासक, राजनैतिक दलका नेताहरू, न्यायाधीश तथा संवैधानिक अङ्गका पदाधिकारीहरू समेतको, भ्रष्टाचारजन्य कार्य र पदको आडमा जम्मा गरेको अकुत सम्पत्तिको छानबिन तथा वास्तविक दोषीहरूलाई कानुनी कारबाहीको दायरामा ल्याउँदै देश जनताको भावना सम्बोधन हुनुपर्नेमा वर्तमान सरकारको कार्यदिशा त्यतातर्फ उन्मुख नभएकोले नागरिकहरूमा पुन निराशा र विद्रोही भावनाको विकास हुँदै आएको वातावरणले सरकारले तोकेको समयमा निर्वाचन हुन सम्भव नहुने र शान्ति सुरक्षामा समेत दखल पुग्ने अवस्था सिर्जना भएकोप्रति यो संगठनको गम्भीर ध्यान आकर्षण भएको छ ।

अत: वर्तमान सरकारले तत्काल उच्चस्तरीय सम्पत्ति छानबिन न्यायिकआयोग बनाई गैरकानुनी अकुत आर्जन गर्ने विगत देखिका प्रशासक, नेता, न्यायाधीश तथा संवैधानिक अङ्गका पदाधिकारीहरू समेतलाई कानुनी दायरामा ल्याई राष्ट्रलाई भ्रष्टाचार र कुशासन मुक्त बनाई देशमा हुनसक्न मुठभेडको सम्भावित खतराबाट देशलाई निकास दिन नेपाल सरकार संग हार्दिक अपिल गर्दछौं । साथै देश र नगरीकहरुको अस्तित्व रक्षाको लागि उल्लेखित कार्यमा सबैले सहकार्य गर्न र वर्तमान तरल अवस्थामा मुठभेड निम्त्याउने कार्य नगर्न नगराउन राजनैतिक दलहरु तथा जेन-जी प्रतिनिधिहरुलाई समेत यो संगठन आह्वान गर्दछ ।

मिति: २०८२/०८/०४

नेपाल मानव अधिकार संगठन HUMAN RIGHTS ORGANISATION OF NEPAL HURON Central Office, Kathmandu केन्द्रीय कार्यालय, काठमाडौं ।

इन्द्र प्रसाद अर्याल

अध्यक्ष

९८५१०५८३६८